# नेपाल कृषि जैविक विविधता बुलेटिन



# Nepal Agro-biodiversity Bulletin

वर्ष १, अङ्क १ आषाढ २०८० (June, 2023) Year 1, Issue 1


**सम्पादक मण्डल**

डा. रामकृष्ण श्रेष्ठ
डा. बालकृष्ण जोशी
डा. निना गोर्खाली अमात्य
डा. देवेन्द्र गौचन
श्री भरत भण्डारी
श्री विष्णुहरि देवकोटा
श्री रीति सिंह
डा. श्याम प्रसाद यादव
श्री बलराम रिजाल

**थप विषयवस्तुमा योगदान**

श्री प्रदिप थापा
श्री निरन्जन पुडासैनी



**प्रकाशक**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
**बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र**
श्रीमहल, ललितपुर
र
नेपाल कृषि अनुसन्धान परिषद्
**राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जीन बैंक)**
खुमलटार, ललितपुर


## राष्ट्रिय कृषि जैविक विविधता वर्ष २०७९ मा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रबाट सञ्चालित क्रियाकलापहरु

### कृषि वंशाणु आरक्ष स्थल स्थापना एवं सतबीज छर्ने कार्यक्रम

मिति २०७९ मंसिर ६ गते बाला चतुर्दशीका दिन कृषि विभाग, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र र नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि आनुवंशिक श्रोत केन्द्र (जीन बैंक) को संयुक्त आयोजनामा गोदावरी नगरपालिका, ललितपुर स्थित सन्तानेश्वर महादेव मन्दिर परिसरमा रहेको खुला स्थान तथा जंगलमा जीन बैंकमा उपलब्ध विविध बाली तथा जातका बीउ मिश्रित गरि सतबीज छर्ने कार्यक्रम आयोजना गरिएको थियो । हाम्रो मौलिक परम्परा अनुरुप यस पर्वले कृषि जैविक विविधता संरक्षणलाई परापूर्व कालदेखि नै महत्वका साथ हेरिएको स्पष्ट हुन्छ । सो अवसरमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. दिपक कुमार खराल, मन्त्रालय र मातहतका निकायका कर्मचारीहरु, मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरु र स्थानीय जनसमुदायको उपस्थिति रहेको थियो। उक्त अवसरमा सो मन्दिर परिसरलाई कृषि वंशाणु आरक्ष स्थल घोषणा समेत गरिएको थियो ।




### राष्ट्रिय कृषि जैविक विविधता दिवस तथा सप्ताह कार्यक्रम

राष्ट्रिय कृषि जैविक विविधता वर्ष २०७९ र प्रथम राष्ट्रिय कृषि जैविक विविधता दिवस मनाउने सन्दर्भमा २०७९ माघ पहिलो हप्ताभर विविध क्रियाकलाप सञ्चालन गर्ने कृषि तथा पशुपन्छी विकास मन्त्रालयको निर्णय बमोजिम बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, राष्ट्रिय कृषि आनुवंशिक श्रोत केन्द्र (जीन बैंक), साते प्रदेश मातहतका निकायहरु तथा विविन्न स्थानीय तहहरुले समेत आ-आफ्नो तरिकाले कृषि जैविक विविधता संरक्षण बारे सचेतना अभिवृद्धि तथा प्रचार प्रसारका कार्यक्रम एवं क्रियाकलाप सञ्चालन गरेका थिए । यसै सन्दर्भमा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र र अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सहकार्यमा २०७९ माघ पहिलो हप्तामा सम्पादित कार्यक्रमहरु संक्षिप्त रुपमा यहाँ प्रस्तुत गरिएको छ ।




**माघ १ गते**

- सम्माननीय प्रधानमन्त्रीज्यूले गोरखापत्र राष्ट्रिय दैनिक पत्रिका मार्फत सम्पूर्ण देशवासीका नाममा आफ्नो शुभकामना सन्देश प्रदान गर्नुभएको थियो।
- रैथाने एग्रि प्रडक्ट्स नेपालको सहकार्यमा वृक्षालय रिसोर्ट, कपन काठमाण्डौंमा परम्परागत खानाका परिकार एवं रैथाने कृषि उपज, कन्दमूल आदिको प्रदर्शन तथा कृषि जैविक विविधताको महत्व बारे अन्तरकृया र रैथाने परिकारकै खाजा सेवन गरि

## सम्पादकीय

कृषि जैविक विविधता, खाद्य तथा पोषण सुरक्षा, गरिब तथा सिमान्तकृत समुदायको जीविकोपार्जनको प्रमुख आधार हो । नेपालको संविधानमा जैविक स्रोतहरुको संरक्षण र दिगो उपयोगलाई उच्च महत्व दिई राज्यको नीतिमा उल्लेख गरिएको छ भने जैविक विविधता संरक्षणमा तिनै तहको सरकारको भूमिका रहने व्यवस्था रहेको छ । यसैगरि नेपाल जैविक विविधता संरक्षण सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरुको पक्ष राष्ट्र समेत रहेको छ । नेपाल जैविक विविधतामा धनि भएता पनि पछिल्लो समय जलवायु परिवर्तन तथा आधुनिक खेती प्रणालीका कतिपय नकारात्मक प्रभावका कारण कृषि जैविक विविधता (बाली, घाँसे बाली, पशुपन्छी, जलीय, कीरा र सूक्ष्म जीवाणुजन्य आनुवंशिक स्रोत) मध्ये करिब ४० प्रतिशत लोप भै सकेको हुन सक्ने अनुमान गरिएको छ । त्यसैगरि हाम्रा कैयन सामाजिक, धार्मिक तथा साँस्कृतिक परम्परा एवं अवसरहरु कृषि जैविक विविधतासंग जोडिएका भएतापनि त्यस्ता विशेष पर्व वा अवसरहरुमा अन्तरनिहित कृषि जैविक विविधतासंग सम्बन्धित पक्षहरुलाई अपेक्षित रुपमा उजागर एवं प्रचार प्रसार गर्न सकिएको देखिँदैन ।

ह्रासोन्मुख अवस्थामा रहेका कृषि जैविक विविधताको दिगो उपयोग मार्फत संरक्षण गर्न यसको संरक्षणको आवश्यकता बारे प्रचार प्रसार गर्न र सम्बन्धित सरोकारवालाहरुलाई कृषि जैविक विविधताको संरक्षणमा सकृय रुपमा लाग्न उत्प्रेरित गर्ने हेतुले नेपाल सरकारको आ.व. २०७९/८० को बजेट वक्तव्य मार्फत वि.सं. २०७९ लाई राष्ट्रिय कृषि जैविक विविधता वर्ष मनाउने घोषणा र मिति २०७९/५/२७ को मन्त्रीपरिषदको निर्णयबाट प्रत्येक वर्ष माघ १ गतेलाई राष्ट्रिय कृषि जैविक विविधता दिवसको रुपमा मनाउने घोषणा गरे अनुरुप संघ र प्रदेश मातहतका विभिन्न निकायहरु र स्थानीय तहले विविध कार्यक्रम सञ्चालन गरि राष्ट्रिय कृषि जैविक विविधता वर्ष र राष्ट्रिय कृषि जैविक विविधता दिवस मनाएका छन् । यसै सन्दर्भमा नेपालमा उपलब्ध मौलिक कृषि आनुवंशिक श्रोत तथा प्रविधि र विभिन्न निकायहरुबाट सञ्चालित कृषि जैविक विविधताको संरक्षण तथा प्रवर्द्धन सम्बन्धी क्रियाकलाप र उपलब्धीहरुको अभिलेखिकरण गरि सम्वद्ध सबै पक्षलाई जानकारी गराउने उद्देश्यले राष्ट्रिय कृषि जैविक विविधता वर्ष २०७९ को अवसर पारेर यस "नेपाल कृषि जैविक विविधता बुलेटिन" (Nepal Agrobiodiversity Bulletin) को सुरुवात गरिएको हो ।यस अङ्कमा राष्ट्रिय कृषि जैविक विविधता वर्ष २०७९ र प्रथम राष्ट्रिय कृषि जैविक विविधता दिवस (२०७९ माघ १ गते) का अवसरमा विभिन्न निकायहरुबाट सञ्चालित कार्यक्रम तथा क्रियाकलापहरु बारेको विवरण एवं प्रतिवेदनलाई मुख्य स्थान दिइएको छ भने आगामी अङ्कहरुमा मौलिक कृषि आनुवंशिक श्रोतका ६ वटै सम्भाग (कृषि बाली, घाँसे बाली, पशुपन्छी, जलचर जीव, कृषि महत्वका कीरा र सुक्ष्म जीव) र रैथाने प्रविधि सम्बन्धी नेपाली र अंग्रेजी दुबै भाषाका सामग्रीहरुलाई स्थान दिइनेछ । साथै यस अङ्कमा प्राप्त पृष्ठपोषणका आधारमा आगामी अङ्कहरुलाई थप परिष्कृत गर्दै लगिनेछ ।

प्रथम राष्ट्रिय कृषि जैविक विविधता दिवस तथा माघे संक्रान्ति पर्व मनाइएको थियो।

### माघ १ देखि ७ गते सम्म

- Worldmart Unique Solution Pvt. Ltd. (मौलिक भान्छाघर र मौलिक बजार) को सहकार्यमा माघ १ देखि ७ गते सम्म हरेक दिन दिउँसो १ बजेदेखि साँझ ५ बजेसम्म कृषि जैविक विविधता र यसको महत्व झल्किने तथा संस्कृति विशेषका मौलिक खाना र खाजा खुवाउने माघे संक्रान्ति विशेष कार्यक्रम आयोजना गरिएको थियो ।
- होमस्टे महासंघ नेपालको सहकार्यमा प्रदेशस्तरमा विभिन्न मितिमा हाम्रा रैथाने कृषि उपजहरु र परिकारलाई होमस्टेको पहिचान बनाई कृषि जैविक विविधताको दिगो उपयोग मार्फत संरक्षण तथा पर्यटन प्रवर्द्धन बारे अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।



### माघ ३ गते

- खाद्यकालागि कृषि अभियानको सचिवालय फरेष्ट एक्सन नेपाल सँगको सहकार्यमा उद्योग वाणिज्य संघ चितवनमा कृषि जैविक विविधता सम्बन्धी नाटक प्रहसन तथा विषय विज्ञ सहित जलवायु परिवर्तनले हाम्रो कृषिमा पारेको असर र त्यससँग जुध्न कृषि जैविक विविधताको संरक्षण र पर्यावरणीय कृषिको अहम भूमिका बारे छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको थियो ।
- बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको समन्वयमा कृषि सूचना तथा प्रशिक्षण केन्द्र मार्फत माघ ३ गते कृषि जैविक विविधताको महत्व र संरक्षण बारे नेपाल टेलिभिजनमा अन्तर्वार्ता र माघ पहिलो हप्ताभर रेडियो नेपाल तथा टेलिभिजनबाट प्रसारण हुने कृषि कार्यक्रममा राष्ट्रिय कृषि जैविक विविधता दिवस र कृषि जैविक विविधता संरक्षण सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु प्रसारण गरिएको थियो।

### माघ ४ गते

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको आयोजनामा कृषि विभागको सभाहलमा कृषि जैविक विविधता दिवस मूल समारोह कार्यक्रम सम्पन्न भएको थियो। समारोहमा राष्ट्रिय कृषि जैविक विविधता वर्षको सचिवालय बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, राष्ट्रिय कृषि आनुवंशिक श्रोत केन्द्र (जीन बैंक) र त्रिभुवन विश्वविद्यालयबाट कृषि जैविक विविधताको महत्व, यसको संरक्षणमा भएका प्रयास र यस सम्बन्धमा भइरहेको पठनपाठन तथा अनुसन्धान सम्बन्धी कार्यपत्रहरु प्रस्तुतिकरण भएको थियो । यसै अवसरमा कृषि विभाग परिसर हरिहरभवनमा कृषि जैविक विविधता एवं रैथाने बाली उपज प्रदर्शनी समेत आयोजना गरिएको थियो । देशभरका कृषक समूह, सहकारी, सामुदायिक बीउ बैंक, व्यवसायी तथा होमस्टेकर्मी गरि लगभग २० सहभागीले प्रदर्शनीमा आफ्नो स्टल



राखेका थिए जहाँ रैथाने कृषि उपजहरुको किनबेच समेत भएको थियो । माननीय कृषि मन्त्री ज्वाला कुमारी साहको प्रमुख आतिथ्यतामा सञ्चालित कार्यक्रममा लगभग ३०० जनाको




सहभागिता रहेको थियो । समारोहमा राष्ट्रिय कृषि जैविक विविधता वर्षको लोगो प्रतियोगिताका विजेता भक्तपुर-९, ब्रम्हायणी निवासी श्री जगतराम सुकमनीलाई नगद रु. १०,००० र प्रमाणपत्र तथा कृषि जैविक विविधताको संरक्षण र दिगो उपयोगको क्षेत्रमा निरन्तर रुपमा सक्रिय रहि उल्लेखनीय योगदान गरे बापत पोखरा महानगरपालिका-३१, सुन्दरीडाँडा, कास्की स्थित श्री जैविक स्रोत संरक्षण अभियान संस्थालाई नगद रु. २५,००० र प्रशंसा पत्रले पुरस्कृत गरिएको थियो साथै प्रदर्शनीमा सहभागी कृषक समूह, सहकारी, सामुदायिक बीउ बैंक, व्यवसायी तथा स्थानीय तहलाई प्रशंसा-पत्रले सम्मान गरिएको थियो ।

### माघ ५ गते

जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-वर्ड) एवं सुदूरपश्चिम प्रदेश मातहतका कृषि ज्ञान केन्द्र कैलाली र कन्चनपुर र स्थानीय तहहरुको सहकार्यमा माघ ५ देखि ७ गते सम्म विभिन्न स्थानीय तहमा एक एक दिने कृषि जैविक विविधता मेला आयोजना गरिएको थियो।



### माघ ६ गते

नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि आनुवंशिक श्रोत केन्द्र (जीन बैंक) र राष्ट्रिय पशु प्रजनन् तथा आनुवंशिक अनुसन्धान केन्द्रको संयुक्त आयोजनामा दुवै केन्द्रहरुको अवलोकन भ्रमण तथा कृषि आनुवंशिक श्रोतहरुको संरक्षणका प्रयास र उपलब्धी तथा आगामी कार्यदिशाबारे अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो।

### माघ ७ गते

ग्याष्ट्रोनोमी टुरिजम एसोसियसन अफ नेपालको सहकार्यमा माघ ७ गते दियालो फुड ल्याण्ड, बसुन्धरा, काठमाण्डौमा नेपालमा रैथाने कृषि जैविक विविधता संरक्षण तथा उपयोगमा देखिएका चुनौति, अवसर र आगामी रणनीति विषयक अन्तरक्रियात्मक कार्यक्रम आयोजना गरिएको थियो । वागमती प्रदेश सभाकी उपसभामुख माननीय अप्सरा चापागाईको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा प्रथम राष्ट्रिय कृषि जैविक विविधता दिवस तथा सप्ताहको




समिक्षा, कृषि जैविक विविधता तथा रैथाने कृषि उपजको संरक्षण र प्रवर्द्धनको महत्व बारे कार्यपत्र प्रस्तुति तथा पर्यावरणीय कृषि सम्बन्धी गीत गायन एवं अन्तरक्रिया गरिएको थियो । कार्यक्रममा उपत्यकाका २० वटा विभिन्न संघ संस्थाहरुले कृषि जैविक विविधता एवं रैथाने कृषि उपजको प्रवर्द्धनका लागि १५ बुँदे काठमाण्डौ घोषणा पत्र सार्वजनिक गरेका थिए र अन्तमा विभिन्न होटलका शेफहरुले रैथाने कृषि उपजका परिकार पकाई सहभागी सबैलाई खुवाइएको थियो ।

## राष्ट्रिय कृषि जैविक विविधता वर्ष समिक्षा गोष्ठी

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको आयोजनामा सामुदायिक बीउ बैंक सञ्चालकहरू, कृषि जैविक विविधता संरक्षण र रैथाने बाली प्रवर्द्धनमा सहकार्य गरेका विभिन्न गै.स.स.हरू, नेपाल कृषि अनुसन्धान परिषद्का प्रतिनिधिहरू र कृषि विभागका प्रतिनिधिहरूको सहभागितामा मिति २०८० असार १० गते थाहा नगरपालिका, चित्लाङ्ग, मकवानपुरमा राष्ट्रिय कृषि जैविक विविधता वर्ष समिक्षा गोष्ठीको आयोजना गरिएको थियो । उक्त गोष्ठीमा कृषि जैविक विविधता संरक्षण तथा प्रवर्द्धनका क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरुले कृषि जैविक विविधता वर्ष २०७९ मा रैथाने बाली एवं अन्य कृषि जैविक विविधता संरक्षण सम्बन्धी गरेका विविध कार्यक्रमहरूको समिक्षा गरी भावी कार्यदिशाको बारेमा समेत छलफल गरिएको थियो।




## राष्ट्रिय कृषि जैविक विविधता वर्षको प्रचार प्रसार

राष्ट्रिय कृषि जैविक विविधता वर्ष-२०७९ को नारा "जीवन तथा वातावरणका लागि कृषि जैविक विविधता (Agrobiodiversity for life and environment)" सहितको लोगो खुला प्रतियोगिताबाट छनोट गरिएको थियो । उक्त लोगो र नारा अंकित गोलो स्टिकर (सवारी साधनमा टाँस्नको लागि), आयताकार स्टिकर (विभिन्न निकायको ढोकामा टाँस्नको लागि), राष्ट्रिय कृषि जैविक विविधता वर्षको जानकारीमूलक पुस्तिका र पोष्टर प्रकाशन गरि सिँहदरबार परिसरका सम्बन्धित मन्त्रालय एवं निकायहरु तथा उपत्यका स्थित कृषि जैविक विविधता सम्बन्धी विषयमा क्रियाशिल गैर सरकारी संस्थाहरुमा समेत वितरण गरिएको थियो र केही सार्वजनिक स्थानहरुमा समेत टाँसिएको थियो । कृषि जैविक विविधताको महत्वबारे सचेतना वृद्धि गर्न सातै प्रदेश स्थित कृषिका निकायहरु र ७५३ वटै स्थानीय तहहरुमा यी सामग्रीहरु हुलाक मार्फत पठाइएको थियो । साथै कृषि जैविक विविधताको महत्व, ह्रास आउनुका कारणहरु र प्रवर्द्धनका उपायहरु समेटिएको एक मिनेटको श्रव्य सामग्री उत्पादन गरि लगभग चार महिनासम्म थाहा सञ्चार नेटवर्क र नेपाल एफ.एम. नेटवर्क मार्फत देशभर छरिएर रहेका एफ.एम. हरुबाट प्रसारण गरिएको थियो ।

## अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्षको शुभारम्भ समारोह

विश्वव्यापि रुपमा बढ्दै गरेको जलवायु परिवर्तनको असरको कारण प्रमुख खाद्यान्न बालीहरुको उत्पादनमा नकारात्मक असर बढ्दै गएको अवस्थामा खाद्य सुरक्षा तथा पोषण र जीविकोपार्जनको लागि कोदोजन्य बालीहरुको अहम् भूमिकालाई महत्व दिई संयुक्त




राष्ट्र संघ, कृषि तथा खाद्य संगठनले सन् २०२३ लाई अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष घोषणा गरेको छ । नेपालको सन्दर्भमा पनि खासगरि जलवायु परिवर्तन अनुकूलन, खाद्य सुरक्षा तथा पोषण र ग्रामिण नेपालको आर्थिक रुपान्तरणमा यी बालीहरु महत्वपूर्ण रहेकोले "खाद्य पोषण सुरक्षा र वातावरण तथा ग्रामिण रुपान्तरणका लागि कोदोजन्य बाली (Millets for Food and Nutrition Security, Environment and Rural Transformation)" भन्ने नाराका साथ जनवरी १, २०२३ (पुस १७, २०७९) मा अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्षको शुभारम्भ समारोह आयोजना गरिएको थियो । समारोहमा कृषि सम्बद्ध निकायहरु, नीति निर्माता तथा सरोकार-वालाहरुले कोदोजन्य बालीहरुको महत्व र कृषि विकासको क्षेत्रमा यसको मूल प्रवाहिकरणको आवश्यकताबारे धारणा राखेका थिए ।

## कृषि जैविक विविधता संरक्षणमा राष्ट्रिय जीन बैंकको पहल

कृषिसंग सम्बन्धित सबै आनुवंशिक स्रोतहरु (बाली, घाँसे बाली, पशुपन्छी, जलीय, कृषि कीरा र कृषि शुक्ष्म जीवाणु) को संरक्षण र दिगो उपयोगको लागि खुमलटारमा स्थापना गरिएको राष्ट्रिय जीन बैंकले देशभरि नै १०० विभिन्न किसिमको असल अभ्यासहरु मार्फत संरक्षणको कार्य गरि आएको छ । सधैंको लागि उक्त विविधताहरु प्राप्त हुने हिसाबले संरक्षण तथा दिगो उपयोगी प्रविधि, सुविधा र रणनीतिहरुको व्यवस्था गरिएको छ । नेपालमा पाइने कृषिजन्य जम्मा ६६१८ प्रजातिहरुलाई व्यवस्थापन गरी सदाको लागि र सबैको लागि उपलब्ध गराउने रणनीति जीन बैंकले लिएको छ । कृषिजन्य सबै आनुवंशिक विविधताहरु हराएर नजाने गरि विभिन्न कार्यालयहरुसंग समन्वय गरि धेरै किसिमको बैंकहरु पनि स्थापना गरिएको छ । राष्ट्रिय जीन बैंकले नियमित रुपमा देशैभरि बाट कृषि आनुवंशिक स्रोत संकलन गरि सबै किसानहरुलाई आफुसंग भएको कृषि आनुवंशिक स्रोतहरु जीन बैंकमा संरक्षण गर्न अनुरोध गर्दछ । जहाँ बीउहरु १०० वर्षसम्म पनि जीवित राख्न सकिने सुविधा रहेको छ । जीन बैंक अन्तर्गतको केही बैंकहरु यस प्रकार रहेका छन् ।

१. बीउ बैंक (शुक्ष्मकालिन संरक्षण कक्ष, मध्यमकालिन संरक्षण कक्ष, र दीर्घकालिन संरक्षण कक्ष) : २०० भन्दा बढी प्रजातिको १४५३० संकलन संरक्षण
२. फिल्ड जीन बैंक : १५ वटा फिल्ड जीन बैंकमा ६५० संकलन संरक्षण
३. तन्तु बैंक : २ वटा, १२० संकलन संकलन संरक्षण
४. डी.एन.ए. बैंक १ वटा, ५५० संकलनको डी.एन.ए. संरक्षण
५. सामुदायिक जीन बैंक र सामुदायिक बीउ बैंक : ४० वटा, २०४५ संकलन संरक्षण
६. सामुदायिक फिल्ड जीन बैंक ८ वटा, ११३ संकलन संरक्षण
७. जलीय कुण्ड जीन बैंक : ५ वटा, ३० प्रजाति संरक्षण
८. पशुपन्छी फार्म जीन बैंक : १० वटा, ३८ जातहरु संरक्षण
९. स्कूल फिल्ड जीन बैंक : ७ वटा, १२२ संकलन संरक्षण
१०. क्रायो बैंक : १ वटा, ३ प्रजातिहरू संरक्षण
११. बाली विशेष पार्क : ६ वटा ४५० संकलन संरक्षण
१२. कृषि कीरा फिल्ड जीन बैंक : १ वटा, ११ प्रजाति संरक्षण

## कृषि विभाग र जीन बैंकको सहकार्यमा कृषि जैविक विविधताको परस्थानीय संरक्षण सम्बन्धी कार्यशाला

कृषि क्षेत्रमा आधुनिकीकरण, हाइब्रिड बीउको अधिकतम प्रयोग, जलवायु परिवर्तन, खाने बानीमा आएको परिवर्तनको कारण कृषि आनुवांशिक स्रोतहरु विस्तारै हराउँदै गएको सन्दर्भमा आनुवंशिक स्रोतहरुको महत्व दर्शाउँदै कृषि जैविक विविधता संरक्षणको लागि भावी नीति, रणनीति, कार्ययोजनाको ढाँचा तयार गर्न मद्दत पुर्याउने उद्देश्यले आ.व २०७९/८० को लक्षित कार्यक्रम अनुसार कृषि विभागको आयोजनामा नेपाल कृषि अनुसन्धान परिषद्को राष्ट्रिय




कृषि आनुवंशिक स्रोत केन्द्र (जीन बैंक) सँगको सहकार्यमा मिति २०८०/०२/२७ देखि २८ गतेसम्म पहाडी बाली अनुसन्धान कार्यक्रम, काभ्रे, दोलखामा Ex-Situ Conservation सम्बन्धी कार्यशाला सम्पन्न भयो। कृषि विभागका महानिर्देशक डा.हरि बहादुर के.सी. ज्यूको अध्यक्षता र कृषि तथा पशुपन्छी विकास मन्त्रालयका श्रीमान् सह-सचिव श्री संजीव कर्णज्यूको




प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यशालामा जम्मा ५४ जनाको उपस्थिति रहेको थियो। उक्त कार्यशालाको दौरान जैविक विविधता संरक्षणको लागि गरिएका प्रयास तथा चुनौतिहरु, फिल्ड जीन बैंक स्थापनाको महत्व, रैथाने र स्थानीय जातको परिभाषामा हुनुपर्ने स्पष्टता जस्ता विषयमा चर्चा हुनुका साथै कार्यशालाको अन्तमा, कृषि आनुवांशिक स्रोत संरक्षणको लागि सरोकारवाला निकायहरु समेत समावेश गरी राष्ट्रिय गौरवको योजना बनाउने, सबै फार्म केन्द्रहरुले आफ्नो Mandated crop को जर्मप्लाजमहरु अनिवार्य संरक्षण गर्नुपर्ने, कृषि आनुवांशिक स्रोतको Passport data बनाउनुपर्ने लगायत कृषि सँग सम्बन्धित जलवायु परिवर्तन र जैविक विविधताका विषय कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग जोडिनुपर्नेमा सम्पूर्ण सहभागी एकमत भएका थिए ।

१३. कृषि शुक्ष्म जीवाणु जीन बैंक : १ वटा, २४ प्रजाति संरक्षण

१४. कृषि वंशाणु आरक्ष स्थल : ३ वटा, २५ प्रजाति संरक्षण

माथि उल्लेखित बैकहरुमा जो कसैले पनि आफुसंग भएको जातहरु पासपोर्ट फारम भरि संरक्षणको लागि दिन सक्छन् । संरक्षण गर्दा जुन किसानबाट लिएको हो वा संस्थाले दिएको हो, उसको नाम, ठेगाना आदि पनि राखिने हुँदा जो कोहीले पछिसम्म उक्त जात पाउन सक्दछ । कृषि जैविक विविधताको महत्वलाई ध्यानमा राखेर प्रत्येक वर्ष असोज २१ गते राष्ट्रिय जीन बैंक दिवस मनाउने गरिएको छ । कृषि जैविक विविधता हाम्रो जीवनको आधार भएकोले संरक्षण र दिगो उपयोगमा सबैको दायित्व हुन आउँछ । सुन्दरता मार्फत संरक्षण, प्रयोग मार्फत संरक्षण, शहरी कृषि मार्फत संरक्षण आदि रणनीति मार्फत कृषि जैविक विविधताको संरक्षणमा सवै लाग्नु आवश्यक छ। आफु संग भएको जातहरु संरक्षण गरी देशकै खाद्य र पोषण सुरक्षा तथा भावी पिढीलाई उपलब्ध गराउन सबैमा राष्ट्रिय जीन बैंक अनुरोध समेत गर्दछ ।



*विभिन्न किसिमको संरक्षित बैंकहरु*

## जीन बैंकको कृषि जैविक विविधता सचेतनामुलक कार्यक्रमहरु

राष्ट्रिय जीन बैंकले २०७९ साललाई कृषि जैविक विविधता सचेतनामुलक वर्षको रुपमा मनाइ देशैभरि विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको थियो । जीन बैंकले कृषि जैविक विविधता संरक्षण तथा दिगो उपयोगमा टेवा पुग्ने हिसावले निम्न महोत्सवहरु गर्ने गरेको छ ।

१. २०७९ साललाई राष्ट्रिय कृषि जैविक विविधता वर्ष (National agrobiodiversity year 2022/23)

२. हरेक वर्ष माघको पहिले साता राष्ट्रिय कृषि जैविक विविधता सप्ताह र माघ १ गते राष्ट्रिय कृषि जैविक विविधता दिवस (२०७९ सालबाट शुरु)। (Jan 3rd week: National Agrobiodiversity Week and Day)

३. हरेक वर्ष आश्विन २१ गते राष्ट्रिय जीन बैंक दिवस (२०७५ साल देखी मनाउदै आएको (२०७५ साल देखि नै उक्त दिन कृषि जैविक विविधता दिवसको रुपमा पनि मनाउँदै आएकोमा २०७९ सालबाट कृषि जैविक विविधता दिवस माघ १ गते)। (Oct 1st week: National Genebank day)

४. बाला चतुर्दशी (मार्गशीर्षकृष्ण चतुर्दशी तथा शतबीज छर्ने) दिनलाई राष्ट्रिय कृषि अनुवांशिक स्रोत संरक्षण दिवस (प्रकृतिलाई कृषि आनुवंशिक स्रोत दिवस) (२०७९ साल वाट शुरु) र यसै दिन विभिन्न मन्दिर/पवित्रस्थलहरुमा कृषि वंशाणु आरक्ष स्थलको स्थापना (२०७५ साल बाट शुरु)। (In Dec: National agriculture genetic resource day (AGRs to nature day) and establishment of agro gene sanctuary)

## राष्ट्रिय कृषि जैविक विविधता वर्षमा ली-बर्डको पहल

नेपाल सरकारले २०७९ लाई राष्ट्रिय कृषि जैविक विविधता वर्ष र माघ १ गते राष्ट्रिय कृषि जैविक विविधता दिवसको रुपमा मनाउने घोषणा गरे संगै ली-बर्डले पनि यसको सफलताका लागि राष्ट्रिय कृषि जैविक विविधता दिवस (माघ १ गते) र सप्ताह (१-७ गते) का अवसरमा विविध कार्यक्रमहरुको आयोजना गर्नुका साथै वर्षभरिनै कृषि जैविक विविधताको संरक्षण र प्रवर्द्धनका कार्यक्रमहरु लाई प्राथमितामा राख्दै विविध कार्यक्रम सञ्चालन गरिरहेको छ, जसको यहाँ संक्षिप्त रुपमा चर्चा गरिएको छ ।

**१. कृषि जैविक विविधता प्रदर्शनी मेला :** विभिन्न सामुदायिक संस्थाहरू, कृषक समूह, सहकारी, स्थानीय सरकार तथा प्रदेश सरकारसँगको साझेदारीमा आठ वटा कृषि जैविक विविधता मेलाहरुको आयोजना गरिएको । कास्की, कैलाली, सिन्धुपाल्चोक, डडेल्धुरा, कन्चनपुर र सुर्खेत जिल्लाका आठ वटा स्थानीय निकायहरुसंग साझेदारीमा कार्यक्रमहरु आयोजना गरिएका हुन् । जैविक विविधता दिवसको दिन तीन ओटा र बाँकी कार्यक्रमहरु सप्ताह अवधिभर आयोजना भएका हुन् । मेलाहरूमा कृषक, जनप्रतिनिधि तथा सरकारी संघ/संस्थाका प्रतिनिधिहरू सहित २५०० भन्दा बढी व्यक्तिहरुको सहभागिता थियो भने विविध रैथाने बालीहरुको विविधता तथा रैथाने खाद्य परिकारहरुको प्रदर्शनी र प्रवर्द्धन गरिएको थियो ।



**२. स्थानीय कृषि जैविक विविधताको दस्तावेजिकरण :** सिन्धुपाल्चोक जिल्ला सुनकोशी गाउँपालिकामा पाईने १५ वटा रैथाने कोदोका जातहरूको सूची पुस्तिका प्रकाशन, ११ वटा सामुदायिक बीउ बैंकहरुमा राखिएका सामुदायिक जैविक विविधता किताबहरु थप व्यवस्थित, पश्चिम तराईका थारू समुदायले प्रयोग गर्दै आएका तर कम प्रचार-प्रसार तथा अध्ययनमा परेका बालीहरु (सम्धिनि, अमिलर्चा, पोई साग र चमेली साग) को चिनारी तथा खेती प्रविधि सम्बन्धी जानकारीको मस्यौदा तयार पारिएको छ ।

**३. रैथाने बाली तथा जातहरूमा अनुसन्धान र विकास :** बीउ बिजन नियमावलीको खण्ड घ अनुसार दर्ता प्रक्रियाका लागि कृषक समूह, सहकारी, सामुदायिक बीउ बैंक, राष्ट्रिय जीन बैक, बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्रको सहकार्यमा चार वटा बालीका १२ वटा स्थानीय जातहरू दर्ताका लागि अगाडी बढाउन सहजिकरण गरिएको छ । ती मध्ये घिउपुरी धान-बर्दिया, तिल्की धान-दाङ, कालो झिनुवा धान-नवलपरासी, डल्ले मसिनो धान-तनहुँ र नेपाले भटमास संखुवासभाको जातीय दर्ता सम्पन्न भएको छ । तीन वटा स्थानीय धानका जातहरु जोरायल बासमती-डोटी, लाल अनादी-कन्चनपुर र झुम्का धान-कैलालीबाट दर्ताका लागि प्रस्तावना पेश गरिएको छ भने मादले काँक्रो र कालो पात्ले कास्की बाट र हरियो काउचिन सिन्धुपाल्चोकबाट प्रस्तावनाहरुको मस्यौदा तयार पारिएको छ । यी सम्पुर्ण स्थानीय जातहरुको दर्ता प्रक्रियाको अगुवाई त्यहिंका स्थानीय सामुदायिक बीउ बैंकहरुले गरेका हुन् ।

**४. सामुदायिक बीउ बैंक सुदृढिकरणमा सहयोग :** यस वर्ष ११ वटा सामुदायिक बीउ बैंकहरूमा ली-बर्डले प्रत्यक्ष रुपमा सहयोग पुर्याएको छ भने बीउ बैंक संघको समन्वयमा थप १२ वटा सामुदायिक बीउ बैंकहरूमा प्राविधिक सहयोग गर्दै आएको छ । यस आ.व. मा कास्कीको पोखरा महानगपालिका वडा नं १३, आर्वा र कैलालीको कृष्णपुर नगर-पालिकामा गरि २ वटा नयाँ सामुदायिक बीउ बैंकको विधिवत सुरूवात भएको छ । २३ वटा सामुदायिक बीउ बैंक मार्फत ७५ बालीका १४०७ वटा जातहरूको संरक्षण भएका छन् । आ.व. २०७९/८० को बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र मार्फत संघीय सरकारको रैथाने बाली कार्यक्रम लागु भएका २७ स्थानीय निकायहरु मध्ये ११ स्थानीय निकायमा ११ वटै सामुदायिक बीउ बैंकलाई कार्यक्रम सञ्चालनका लागि ली-बर्डले प्राविधिक सहयोग गरेको थियो |



**५. जानकारीमुलक कार्यक्रम तथा सामग्री विकास :** ली-बर्डले आ.व. २०७९/८० तथा कृषि जैविक विविधता वर्षको अवसरमा कृषि जैविक विविधता संरक्षण, उपयोगिता तथा व्यवस्थापन सम्बन्धी १६ वटा विभिन्न तालिम पुस्तिकाहरू, सूची पुस्तिकाहरू, किताबहरू, पोष्टर, फ्लायर तथा वृतचित्रहरू प्रकाशन र सार्वजनिक रुपमा उपलब्ध गराएको छ । यी सबै प्रकाशनहरु www.libird.org बाट निःशुल्क रुपमा प्राप्त गर्न सकिन्छ |

## बालीको रैथाने तथा स्थानीय जातको दर्ता प्रावधान

कृषि जैविक विविधताको हिसाबले विश्वमा ४९ औं स्थानमा पर्ने हाम्रो देश नेपालमा बालीजन्य आनुवंशिक स्रोतहरुमा समेत प्रशस्त विविधता पाइन्छ । ती मध्ये नेपालका विभिन्न स्थानहरुमा कृषकले परापूर्वकालदेखि आफ्ने परम्परागत ज्ञान र सिपको प्रयोग मार्फत रैथाने एवं स्थानीय बाली तथा तिनका विभिन्न जातहरुको उपयोग, संरक्षण र सम्बर्द्धन गर्दै आइरहेका छन् । रैथाने तथा स्थानीय बालीहरुको संरक्षण र प्रवर्द्धनलाई टेवा दिनको लागि नेपालमा विद्यमान ऐन, नीति तथा नियमावलीमा विभिन्न व्यवस्था भएको पाइन्छ । बीउ बिजन नियमावली २०६९ मा व्यवस्था भएका अनुसूची १ का चार वटा विभिन्न खण्डमध्ये रैथाने तथा स्थानीय जातको दर्तालाई सहजीकरण गर्नको लागि खण्ड (घ) को व्यवस्था गरिएको छ । जुन खण्ड अनुसार नेपालभित्र परम्परादेखि खेती गरिँदै आएको कुनै पनि बालीको रैथाने एवं स्थानीय जातहरुलाई दर्ता गरि राष्ट्रिय अभिलेखमा राख्न पाउने व्यवस्था गरिएको छ। त्यसैगरि बीउबिजन ऐनको दोस्रो संशोधनले रैथाने र स्थानीय बीउ बिजनलाई दर्ता सहजीकरणको लागि प्रदेश मन्त्रालयले बीउबिजन समितिको परामर्शमा आफ्नो क्षेत्रभित्र उपयुक्त हुने नेपालमा उन्मोचित किसिम वा जातका बीउबिजन सूचित गर्न वा आयातित बाहेकको स्थानीय जातका बीउबिजनको पञ्जिकृत गर्न चाहेमा तोकिएको मापदण्ड र प्रकृया पुरा गरि प्रदेश समितिको सिफारिसमा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरि सूचित वा पञ्जिकृत गर्न सक्ने प्रावधान थप गरेको छ ।

कृषकहरूले परापूर्वकालदेखि आफ्नै परम्परागत ज्ञान र सिपको प्रयोग गरि संरक्षण तथा उपयोग गर्दै आइरहेका र कृषकको दैनिक जनजीविकासँग प्रत्यक्ष जोडिएका, पौष्टिक, सामाजिक तथा साँस्कृतिक रुपमा महत्त्वपूर्ण तथा बजारीकरणको प्रवल सम्भावना बोकेका जातहरू पहिचान पश्चात कम्तिमा १० जना कृषकको खेतबारीबाट बाली/जातको विशेष चारित्रिक गुणहरु र बाली प्रणालीसंग सम्बन्धित गुणहरु १ सिजन अध्ययन गरि लिएको तथ्यांक र उक्त तथ्यांकलाई अझै बढी गुणस्तरीय बनाउन तथा प्रभावकारिता अभिबृद्धिको लागि समुदायका २०-२५ जना कृषकसंग छलफलको आधारमा तयार गरिएको दर्ता प्रस्तावना, वैधानिक प्राप्त कृषक समूहले जात अनुमोदन, उन्मोचन र दर्ता उपसमितिमा पेश गर्न सक्नेछन् । बीउबिजनको दर्ता प्रकृया पुरा भैसकेपछि राजपत्रमा प्रकाशित हुनेछ । हालसम्ममा विभिन्न समूहले प्रस्ताव गरेका ७ बालीका १७ वटा जातहरु बीउबिजन नियमावली २०६९ को खण्ड घ अनुसार दर्ता भई राजपत्रमा प्रकाशित भैसकेका छन् भने केही दर्ता हुने क्रममा रहेका छन् । तर यसरी दर्ता गरिएका बीउबिजनको स्तरहरु, सम्बर्द्धन र बीउ उत्पादनको प्रकृया कस्तो हुने र त्यसको लागि न्युनतम पूर्वाधार कस्तो हुने भन्ने सम्बन्धमा स्पष्ट नभएकोले किसानका रैथाने तथा स्थानीय जातको सम्बर्द्धन तथा बीउ उत्पादन सम्बन्धी निर्देशिका जति सक्दो चाँडो जारी गर्नुपर्ने देखिन्छ ।

## लमजुङमा मनाईयो राष्ट्रिय कृषि जैविक विवधता दिवस

कृषि ज्ञान केन्द्र, लमजुङको आयोजनामा २०७९ माघ ५ गते बिहिबारका दिन राष्ट्रिय कृषि जैविक विविधता दिवस विभिन्न कार्यक्रम गरी मनाईयो। उक्त अवसरमा रैथाने बालीको संरक्षण तथा संबर्द्धन गर्ने उद्देश्यका साथ प्रभातफेरी, रैथाने बालीहरुको प्रदर्शनी लगायत रैथाने बालीहरुको परिकारहरु तयार गरी वितरण गरिएको थियो। केन्द्रको प्राङ्गणमा कार्यालयका प्रमुख सुदिप खतिवडाको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा प्रमुख अतिथिको रुपमा लमजुङ जिल्लाका प्रदेश सभा सदस्यद्वय माननीय भेष बहादुर पौडेल, माननीय डा. टक राज गुरुङ्ग, जिल्ला समन्वय प्रमुख, माननीय जिल्ला न्यायाधिश, बेसिशहर नगरपालिकाका नगर प्रमुख, प्रमुख जिल्ला अधिकारी लगायत सरकारी तथा गैर सरकारी कार्यलयका प्रमुख एवम् प्रतिनिधि तथा कृषकहरुको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रममा विभिन्न प्रजातिका कन्दमुल समूह भित्र पर्ने बालीहरु, रैथाने बालीका बीउहरु र रैथाने बालीको महत्व झल्काउने किसिमका सजावटहरुका साथ कार्यालय परिसरमा प्रदर्शनी स्थल राखिएको थियो। यस अवसरमा




कोदोको सेलरोटी, बेकरी, हलुवा, फापरको बिस्कुट, केक, निमकिन; कागुनोको खिर; जौको दुनोट, पाउरोटी, कपकेक लगायत सिस्नु, लट्टेको लड्डु जस्ता रैथाने बालीबाट तयार गरिएका विभिन्न परिकार सबैलाई चाख्न दिईनु कार्यक्रमको मुख्य आकर्षण थियो।


# राष्ट्रिय कृषि जैविक विविधता वर्षमा राष्ट्रिय पशु प्रजनन तथा आनुवंशिक अनुसन्धान केन्द्रका क्रियाकलापहरु

### केन्द्रका अनुसन्धानात्मक क्रियाकलापहरु

रैथाने आनुवंशिक स्रोतहरूको संरक्षण, प्रवर्द्धन र उपयोग राष्ट्रिय पशु प्रजनन तथा आनुवंशिक अनुसन्धान केन्द्रका मुख्य अनुसन्धानात्मक गतिविधिहरु हुन् । त्यसका लागि हाल यस केन्द्रमा गाईका ३, भैसीका १, भेडाका ३, बाख्राका ३, कुखुराका ३, गरि जम्मा १३ नश्लका रैथाने पशुपन्छीहरु जीवित जिनको रुपमा राखिएको छ । यसैलाई आधार मानि भविष्यमा यस केन्द्रले २६ रैथाने मध्ये २३ जातका पशु आनुवंशिक स्रोतका लागि केन्द्रको फार्मलाई जीवित जीन बैंकको रुपमा स्थापित गर्ने लक्ष्य लिएको छ । यसका अतिरिक्त राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंग समन्वय तथा सहकार्य गरि रैथाने पशुपन्छी प्रजनन तथा आनुवंशिक श्रोत व्यवस्थापन सम्बन्धी कार्यक्रम तयार पार्ने तथा नेपाल सरकारलाई तत् सम्बन्धी नीति निर्माणका लागि आवश्यक सहयोग पुर्याउँदै आईरहेको छ।


### नेपालका रैथाने पशुपन्छी सम्बन्धी पुस्तक प्रकाशन तथा विमोचन

यस केन्द्रले नेपालका ८ प्रजातिका २६ नश्लका रैथाने पशुपन्छीहरुको सबै जानकारीमुलक सूचनाहरु समेटिएको नेपालका रैथाने पशुपन्छी - एक सन्दर्भ पुस्तक (Indigenous Livestock Breeds of Nepal, A reference Book) नामक पुस्तक मिति २०७९/१०/०४ मा राष्ट्रिय कृषि जैविक विविधता दिवस मूल समारोहमा तत्कालिन कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय ज्वाला कुमारी साहज्यू बाट विमोचन गरिएको थियो ।




### नेपालका पशु आनुवंशिक स्रोतहरूको एट्लस प्रकाशन

नेपालका पशु आनुवंशिक स्रोतहरूको एट्लस (Altas: Animal Genetic Resources of Nepal) नामक पुस्तकममा ८ प्रजातिका २९ नश्लका (२६ रैथाने, २ जंगली र १ सिंथेटिक नस्ल) पशुपन्छीहरुको छोटो जानकारीमुलक सूचनाहरु समेटेर एट्लस पुस्तक यस केन्द्रले प्रकाशन गरेको छ । विद्यालय तहका साना-साना भाई-बहिनीहरु बीच हाम्रा रैथाने पशुपन्छीहरूलाई चिनाउने देखि विश्वविद्यालय तह सम्मका अध्येता र अन्वेषकहरुलाई काम लाग्ने महत्वपूर्ण सूचनाहरू यसमा समेट्ने प्रयास गरिएको छ ।




### रैथाने नश्लहरुको पञ्जिकरणको लागि कार्याशाला गोष्ठी



नेपालका रैथाने नश्लहरुको दर्ता (पञ्जिकरण) गर्न पर्नुको आवश्यकता सम्बन्धी कार्यशाला गोष्ठी पहिलो पटक २०८०/०३/१८ मा नेपाल कृषि अनुसन्धान परिषद्, पशुपन्छी तथा मत्स्य निर्देशकको सचिवालय र राष्ट्रिय पशु प्रजनन तथा आनुवंशिक अनुसन्धान केन्द्रको आयोजनामा सम्पन्न गरिएको छ। गोष्ठीमा ३ वटा कार्यपत्र प्रस्तुति र रैथाने नश्लहरुको पञ्जिकरणको लागि भावी कार्यक्रमको बारेमा छलफल गरिएको थियो ।

### जीन बैंक भ्रमण गोष्ठी (Travelling seminar)

जीन बैंकको आयोजनामा मिति २०७९/१०/०६ मा नेपालका रैथाने पशुपन्छी, अन्न, तरकारी तथा फलफूल बालीहरुको हालको अवस्था र अनुसन्धानका गतिविधिहरुलाई समेटेर बनाईएका २ वटा कार्यपत्र सहित भ्रमण गोष्ठी सम्पन्न भएको छ । यस भ्रमण गोष्ठी विश्व खाद्य संगठनका प्रतिनिधि तथा नेपाल सरकारका उच्च स्तरका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

### सचिवज्यूहरुबाट जीवित जीन बैंकको अवलोकन भ्रमण

२०७९ साल पुस महिनामा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका दुवै सचिवज्यूहरुबाट यस केन्द्रको जीवित जीन बैंकमा अवलोकन भ्रमण भएको थियो । सो अवसरमा सचिवद्वयले नेपालका रैथाने पशुपन्छीहरूको संरक्षण, प्रबर्द्धन र अनुसन्धानका लागि निर्देशन दिनु भएको थियो ।



## पालिकाहरुमा आयोजित राष्ट्रिय कृषि जैविक विविधता वर्ष र दिवस कार्यक्रम

### पोखरा महानगरपालिका, कास्की



पोखरा महा-नगरपालिकाले राष्ट्रिय कृषि जैविक विविधता वर्ष २०७९, प्रथम राष्ट्रिय कृषि जैविक विविधता दिवस तथा अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष सन् २०२३ का अवसरमा मिति २०७९ माघ १ गते पोखरा-१७, महतगौंडा, ढुङ्गेसाँघुमा कृषि जैविक विविधता मेला र कोदोजन्य बालीका जात एवं परिकार प्रदर्शनी आयोजना गरेको थियो । उक्त कार्यक्रममा महानगरका सबै २९ वडाबाट कृषि जैविक विविधता सम्बन्धी प्रदर्शनीमा सहभागिता भएको थियो साथै कृषि जैविक



विविधता सम्बन्धी गीत गायन प्रतियोगिता आयोजना गरि ३ वटा समुहलाई पुरस्कृत गरिएको थियो । यस कार्यक्रमले वडास्तरमा कृषि जैविक विविधता बारे जनचेतना जगाउन तथा उपलब्ध विविधताको अभिलेखिकरणमा महत्वपूर्ण योगदान गरेको छ ।

### मकवानपुरगढी गाउँपालिका, मकवानपुर

मकवानपुरगढी गाउँपालिकाले २०७९ माघ १ गते राष्ट्रिय कृषि जैविक विविधता वर्ष २०७९ र प्रथम राष्ट्रिय कृषि जैविक विविधता दिवसका अवसरमा स्थानीय एवं रैथाने बालीहरुको उपज प्रदर्शनी आयोजना गरेको थियो ।




### हरिवन नगरपालिका, सर्लाही

राष्ट्रिय कृषि जैविक विविधता वर्ष २०७९ एंव राष्ट्रिय कृषि जैविकविविधताको दिवसको अवसरमा जीवन तथा वातावरण को लागि कृषि जैविक विविधता भन्ने नारा सहित हरिवन




नगरपालिकाद्वारा १ दिने रैथाने बीउ विजन तथा उत्पादन प्रदर्शनी मेला आयोजना गरेको थियो । उक्त कार्यक्रममा कृषक, कृषक समूह, कृषि सहकारी, विभिन्न सरकारी कार्यलय अतिथिहरु तथा हरिवन नगरपालिकाका जनप्रतिनिधि साथै कर्मचारीहरुको उत्साहपूर्ण सहभागिता रहेको थियो ।

### कोन्ज्योसोम गाउँपलिका, ललितपुर

कोन्ज्योसोम गाउँपलिका, ललितपुरले मिति २०८० जेठ २९ गते दलचोकी मनकामना मन्दिर परिसरमा जैविक विविधता मेला आयोजना गरेको थियो । उक्त मेलामा जम्मा १७ वटा स्टल प्रदर्शनीमा राखिएको थियो र कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी, संघ संस्था, सहकारीका प्रतिनिधि, कृषक, विद्यार्थीहरु लगायत करिब २०० जनाको सहभागिता रहेको थियो। प्रदर्शनीमा सहभागीहरुमध्य प्रथम, दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने क्रमशः श्री मगरगाउँ कालीदेवी कृषि तथा



पशुपालन फर्म, शंखु, श्री मखमली महिला कृषि सहकारी संस्था लि. दलचोकी र श्री नाम्सादिम अर्गानिक कृषि तथा पशुपालन फर्म, चौघरेलाई नगद तथा प्रमाणपत्रले पुरस्कृत गरिएको थियो ।

## राष्ट्रिय कृषि जैविक विविधता दिवस र माघी पर्व शुभकामना आदान प्रदान कार्यक्रम, वीरेन्द्रनगर सुर्खेत

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश र मन्त्रालय मातहतको कृषि विकास निर्देशनालयबाट विभिन्न गैर सरकारी संघ सस्थाहरु विशेषतः ली-वर्ड, भकारी परियोजना, सिप्रेड आदि सँग समन्वय र सहकार्य गर्दै नेपाल आदिवासी जनजाती महासंघ सुर्खेतको आयोजनामा मिति २०७९/१०/०१ गते अर्थात थारु समुदायको विशेष पर्व माघीको दिनमा "जीवन तथा वातावरणको लागि कृषि जैविक विविधता" भन्ने मुल नाराका साथ प्रथम राष्ट्रिय कृषि जैविक विविधता दिवस एवम् माघी पर्वको शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गरिएको थियो ।





कार्यक्रममा नेपालमा वन तथा वनसँग सम्बन्धित जैविक विविधता बिषयमा प्रदेश सचिव श्री मोहन देव जोशी र कृषि जैविक विविधताको महत्व बिषयमा सह सचिव डा. रामकृष्ण श्रेष्ठबाट कार्यपत्र प्रस्तुत गरिएको थियो । उक्त दिन थारु समुदायका बिभिन्न सास्कृतिक टोलीहरुबाट नाचगान, थारु समुदायको विभिन्न खाद्यका परिकारहरुको प्रदर्शन तथा उपयोग, विभिन्न सामुदायिक बिद्यालयका भाइ बहिनीहरुको जैविक विविधता बिषयक निवन्ध प्रतियोगिता आदि आयोजना गरि मनाइएको थियो।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
**बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र**
श्रीमहल, पुल्चोक, ललितपुर
फोनः ०१-५५२११५१, ५५५०२२६
**Email :** cdabc2018@gmail.com **Website :** www.doacrop.gov.np

.......................................................................

.......................................................................

.......................................................................